# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

**हिउँदे गाउँसभाको निर्णय सार्वजनिक गरिएको सूचना**

(मितिः२०८१/०९/१४)

यस धवलागिरी गाउँपालिकाको हिउँदे सभाको मिति २०८१/०९/०९ मा बसैको गाउँसभाले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरू

१. धवलागिरी गाउँपालिकाको विनियोजन ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा,
२. गत आ.व. को मौज्दात रकमबाट बजेट विनियोजन, योजना संशोधन तथा रकमान्तर सम्बन्धमा,
३. पौष ९ गतेसम्मको कार्यपालिका बैठकको निर्णय अनुमोदन सम्बन्धमा,
४. खर्च अनुमोदन सम्बन्धमा,
५. विविध

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा धवलागिरी गाउँपालिकाको विनियोजन ऐन २०८१ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा वृहत छलफल गरि सर्वसम्मत पारित गरियो।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा धवलागिरी गाउँपालिकाका उपाध्यक्ष श्री रेशम पुन मगर ज्युले गत आ.व.को मौज्दातबट पेश गर्नुभएको रू ४,२१,१०,०००/- (अक्षरूपी रू चार करोड एक्काइस लाख दश हजार रुपैंयाबाट विभिन्न अनुसूची -१ मा प्रस्तवित पालिकास्तरीय योजना, अनुसूची -२ मा प्रस्तावित वडा स्तरीय योजना र अनुसूची ३ मा प्रस्तावित रकमान्तर/शीर्षकातन्तर संशोधित योजना संशोधन सहित पारित गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८१/८२ को बजेट कार्यान्वयनको विषयमा कार्यपालिकाद्वारा भएका निर्णयहरूको छलफल गरी सर्वसम्मत पारित गर्ने निर्णय गरियो।
४. धवलागिरी गाउँपालिकाबाट मिति २०८१ पौष ९ गतेसम्म भएका सम्पूर्ण खर्चहरूमाथि छलफल गरि सम्पूर्ण खर्चहरूलाई अनुमोदन गर्ने निर्णय गरियो।

विविध

क. लेखा समिति, विधायन समिति, सुशासन समिति, न्यायीक समितिबाट पेश भएका प्रतिवेदन उपर छलफल गरि सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

ख. आ.व. २०८१/८२ को बजेट कार्यान्वयनको लागि आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन मापदण्ड निर्माण गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने,

ग. तत्काल कानून / कार्यविधि तथा निर्देशिका तयार नभएका विषयमा प्रचलित कानून विपरित नहुने गरी कार्यपालिको निर्णयको आधारमा काम कारवाही सञ्चालन गर्ने,

घ. दैवि प्रकोप पीडित तथा गम्भीर प्रकृतिका दिर्घरोगीको लागि राहत एवं आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनार्थ त्यस्ता व्यक्तिको पहिचान गर्ने अन्तिम अधिकार गाउँपालिका अध्यक्षलाई प्रदान गर्ने,

ङ. आ.व २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम, शीर्षक नं.२२४१९ अध्यक्ष तोक आदेश बमोजिम भुक्तानी खर्च अन्तर्गत कार्यविधि तयार नभएसम्मको लागि मितव्ययीता, प्रभावकारीता एवं औचित्यता पुष्टी हुने गरी एकपटकमा बढीमा १५,०००/- (पन्ध्र हजार) मा नबढ्ने गरी आवश्यक निर्णय/आदेश गर्न गाउँपालिका अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने,

च. गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत करार कर्मचारीको म्याद थप गर्ने अधिकार गाउँकार्यपालिका लाई प्रदान गर्ने,

छ. संघ र प्रदेशसँग सहलगानीमा सञ्चालन हुने कार्यक्रम र अन्य गाउँपालिकास्तरीय भैपरी आउने पुँजीगत कार्यक्रम सञ्चालन गर्न विनियोजन समपूरक कोषबाट सम्बोधन हुने गरी कार्यक्रम स्वीकृत गर्ने तथा आवश्यक निर्णय गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रदान गर्ने,

ज. मिति २०८१/०९/०९ को कार्यपालिका निर्णय बमोजिम पेश भएको आ.व. ०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम "फलफूल दशक विरूवा रोपण" कार्यक्रममा औंल्याईएको दफा २७ बमोजिमको बेरूजुका विषयमा छलफल गर्दा सो सम्बन्धमा गाउँपालिकालाई आवश्यक गुणस्तरीय विरूवा (किवी, नासपती र ओखर) मागअनुसार उपलब्ध गराउने नर्सरी म्याग्दी जिल्लामा नभएकोले (कृषि ज्ञानकेन्द्रद्वारा प्रकासित पुस्तकको आधारमा) कोटेसन माग गरी न्यून दररेट पेश गर्ने फर्मसँग खरिद गरिए, म्याग्दी जिल्लाको दररेटमा ओखर, नासपती र किविका विरूवाको जात प्रकृतिबारे स्पष्ट स्पेसिफिकेसन समेत नभएकोले आ.व. ०७९/८० मा खरिद गरिएको किवी, नासपती, र ओखरका विरूवा खरिदमा कुनैपनि अनियमितता नदेखिएको एकीन गरी मिति २०८१/०९/०९ गतेको गाउँ कार्यपालिकाको निर्णयलाई सदर

गर्दै उक्त बेरूजु फछ्र्यौटका लागि सम्बन्धित निकायमा पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।